# प्रेस विज्ञप्ति

नेपाल विकास मंच, २०६१ को तयारीको क्रममा पूर्व परामर्श तथा छलफल कार्यक्रम आज देखि काठमाडौंमा शुरु भयो ।

आज देखि करिव १० दिनसम्म चल्ने पूर्व परामर्श तथा छलफल वैठकको पहिलो दिनको पहिलो सत्रको छलफलको विषय वित्तिय क्षेत्र सुधार कार्यक्रम रहेको छ । पूर्व परामर्श तथा छलफलको अध्यक्षता भूतपूर्व अर्थमंत्री डा. रामशरण महतले गर्नु भएको छ ।

पूर्व परामर्श तथा छलफल कार्यक्रममा श्री ५ को सरकारको तर्फवाट नेपाल राष्ट्र वैकका गर्भनर डा. तिलक रावलले वित्तिय क्षेत्र सुधार कार्यक्रम सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । पूर्व परामर्श वैठकमा वाल गोपाल सिग्देल, परि थापा, हिमालय शम्सेर जवरा, डा. युवराज खतिवडा, वासुदेवराम जोशी, राधेश पन्त, डा. डिल्लीराज खनाल र पृथ्वीराज लिगलले टिप्पणीकर्ता को रुपमा भाग लिनु भएको छ ।

यस छलफल कार्यक्रममा श्री ५ का सरकारका उच्च अधिकारीहरु, प्रमुख राजनैतिक दलका नेताहरु, दातृ मुलुक तथा संस्थाका प्रतिनिधिहरु,  नागरिक समाज, भूतपूर्व अर्थ मन्त्रीहरु, भूतपूर्व अर्थ सचिवहरु र निजी क्षेत्र तथा प्रेश जगतको पनि सहभागिता रहेको छ ।

अर्थ मन्त्रालय
सिंहदरवार
काठमाण्डौ
१८ चैत्र २०६०